## आठविसकोट नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ३ संख्याः १६ र १७ मिति : २०७७/०४/०६**

## भाग १

## आठविसकोट नगरपालिका

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम आठविसकोट नगरसभाबाट स्वीकृत ऐनहरु सर्वसाधरणका लागि स्थानीय राजपत्रमा प्रकाशन गरिएको छ ।

**आठविसकोट नगरपालिका आर्थिक ऐन, २०७७**

**आठविसकोट नगरपालिका विनियोजन ऐन, २०७७**

नगरसभाबाट स्वीकृत मितिः २०७७/०३/२९ गते<br>
प्रमाणित मितिः २०७७/०४/०४ गते

# आर्थिक वर्ष २०७७/०७८ को

# आर्थिक ऐन, २०७७

## आठबिसकोट नगरपालिका

रुकुम (पश्चिम)

कर्णाली प्रदेश

२०७७

नगरसभामा पेश भएको मिति: २०७७ असार २८ गते

नगरसभाबाट स्वीकृत मिति: २०७७ असार २९ गते

# आठबिसकोट नगरपालिकाको आर्थिक ऐन, २०७७

आठबिसकोट नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०७७

**प्रस्तावना** : आठबिसकोट नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट गर्ने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनिय भएकोले ,

नेपालको संविधानको धारा २२८ को उप धारा (२) बमोजिम आठबिसकोट नगरपालिकाको नगर सभाले यो आर्थिक ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम आठबिसकोट नगरपालिकाको **आर्थिक ऐन, २०७७** रहेको छ ।

(२) यो ऐन २०७७ साउन १ गते देखि आठबिसकोट नगरपालिका क्षेत्रभरी लागू हुनेछ ।

२. **सम्पति कर** : नगरपालिका क्षेत्र भित्र अनुसुची -१ बमोजिम सम्पतिकर लगाइने र असुल उपर गरिनेछ ।

३. **भूमी कर (मालपोत कर )** : नगरपालिका क्षेत्र भित्र अनुसुची -२ बमोजिम भूमी कर (मालपोत कर ) लगाइने र असुल उपर गरिनेछ ।

४. **घर बहाल कर** : नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसुची -३ बमोजिम घर बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

५. **व्यवसाय कर** : नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसुची -४ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ

६. **जडिबुटी, कवाडी र जिवजन्तु कर** : नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, बनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ्ग, प्वाँख,छाला जस्ता वस्तुको

व्यवसायिक कारोबार गरे वापत अनुसुची -५ बमोजिम जडिबुटी, कवाडी र जीवजन्तु कर लगाइने र असुल उपर गरिनेछ ।

७. **सवारी साधन कर :** नगरपालिका क्षेत्र भित्र दर्ता भएका स्थानिय रुटमा सवारी साधनमा अनुसुची -६ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. **विज्ञापन कर :** नगरपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसुची -७ विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **मनोरञ्जन कर :** नगरपालिका क्षेत्र भित्र हुने मनोरञ्जन व्यवसायमा सेवामा अनुसुची -८ मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१०. **बहाल विटौरी शुल्क :** नगरपालिका क्षेत्र भित्र आफूले निर्माण,रेखदेख वा संचालन गरेका अनुसुची -९ मा उल्लेख भए अनुसारहाट बजार वा पसलमा सोही अनुसुचीमा भएको व्यस्था अनुसार बहाल विटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क :** नगरपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराएमा अनुसुची -१० मा उल्लेख भए अनुसार पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१२. **ट्रेकिङ, कोयोकिङ,क्यानोइङ, बन्जी जम्पिङ, जिप फ्लायर ऱ्याप्टिङ शुल्क :** नगरपालिकाले आफ्नो क्षेत्र भित्र ट्रेकिङ, कोयोकिङ,क्यानोइङ, बन्जी जम्पिङ, जिप फ्लायर ऱ्याप्टिङ सेवा वा व्यवसाय संचालन गरे वापत गराएमा अनुसुची -११ बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुर :** नगरपालिकाले आफ्नो क्षेत्र भित्र ट्रेकिङ, कोयोकिङ,क्यानोइङ, बन्जी जम्पिङ, जिप फ्लायर ऱ्याप्टिङ सेवा वा व्यवसाय संचालन गरे वापत गराएमा अनुसुची -१२ बमोजिमको शुल्क, लगाइने र असुल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्क :** नगरपालिकाले आफ्नो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसुची-१३ मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१५. **फोहोरमैला व्यवस्थापन शुल्क :** नगरपालिकाले आफ्नो क्षेत्र भित्रको फोहोरमैला व्यवस्थापनन गरे वापत अनुसुची-१५ मा उल्लेखित दरमा फोहोरमैला व्यवस्थापन शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१६. **जरीवाना :** कानुन विपरीत कार्य गर्ने व्यक्ति वा निकायलाई अनुसुची-१६ बमोजिम सजाय हुनेछ ।

१७. **कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

१८. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि:** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके बमोजिम हुनेछ । वि.सं. २०७७ श्रावण मसान्त भित्र स्वास्थ्य विमा गरेका विमित घरपरिवारहरुलाई मालपोत / भूमी करमा ५०% छुट दिइनेछ

१९. **सजाय हुने :** तोकिएको समयावधि भित्र वा आर्थिक वर्षभित्र कर नतिर्ने व्यक्ति वा निकायलाई थप १०% जरिवाना लाग्नेछ ।

२०. **यस ऐनमा** उल्लेख भए बाहेकका अन्य शुल्क वा दस्तुर लिनु पर्ने भएमा नगर कार्यपालिकाले निर्णय गरी तोक्न सक्नेछ ।

२१. **नगरपालिका भरी** कुनै पनि किसिमको मदिराजन्य पदार्थ उत्पादन, आयात, बिक्री वितरण र सेवन गर्न नपाइने गरी मदिरामुक्त नगरपालिका घोषणा भईसकेकोले मदिराजन्य पसलहरुको इजाजत पत्र दर्ता, नविकरण लगायतका कुनै पनि कार्यहरु गर्न पाइने छैन ।

२२. **नगर** कार्यपालिकाले मानविय स्वास्थ्यमा प्रतिकुल असर पार्ने सुर्तिजन्य पदार्थ (चुरोट, सुर्ति बिँडी लगायत) एवम् यस्तै अन्य पदार्थको उत्पादन, आयात र बिक्री वितरणमा पूर्ण प्रतिबन्ध लगाउने गरी आवश्यक नियम, कार्यविधी वा मापदण्ड बनाउन वा शर्तहरु तोक्न सक्नेछ ।

नगर प्रमुख

अनुसुची-१

| सम्पत्ती कर | | | |
|---|---|---|---|
| सि.नं. | दर | पुष्टयाई | कैफियत |
| १ | पहिलो रु ५ लाख सम्म ०.०२ प्रतिशतका दरले, ५ लाखभन्दा माथि १० लाखसम्म ०.०३ प्रतिशतका दरले, १० लाखभन्दा माथि २० लाखसम्म ०.०५ प्रतिशतका दरले, २० लाखभन्दामाथि ५० लाखसम्म ०.०७ का दरले, ५० लाखभन्दा माथि १ करोडसम्म ०.०९ प्रतिशतका दरले र १ करोडभन्दा माथि जतिसुकै भए पनि ०.१ प्रतिशतका दरले लगाउने । संरचनाको मूल्यांकन अनुसूची १.क मा उल्लेख भए बमोजिम हुने । संरचनाको ह्रास कट्टी अनुसूची १.ख बमोजिम हुने । | प्रगतिशील करको सिद्धान्त अनुसार | घर र घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाईने र वार्षिक १० प्रतिशत जरिवाना हुने . सम्पत्ति कर सम्बन्धी थप व्यवस्था सम्पत्ति कर सम्वन्धी कार्यविधि २०७४ अनुसार मूल्यांकन समितिले तोके बमोजिम हुने । |

अनुसची-२

| भूमी कर (मालपोत ) | | | |
|---|---|---|---|
| सि.नं. | दर (प्रति ५०० वर्गमिटर) | पुष्टयाई | कैफियत |
| १ | अनुसूची २.क मा उल्लेख भए बमोजिम लगाउने | **प्रगतिशील करको सिद्धान्त अनुसार** | घरले चर्चेको जग्गा बाहेकमा मालपोत लगाईने, वार्षिक १० प्रतिशत जरिवाना लाग्ने र विगत वर्षका बक्यौतामा समेत यसै बमोजिम हुनेछ । |

<u>अनुसुची-३</u>

| वहाल कर | | | |
|---|---|---|---|
| सि.नं. | दर | पुष्टयाई | कैफियत |
| १ | बहाल अंकको १० प्रतिशतका दरले । वहाल कर उठाउने प्रयोजनको लागि वहालमा दिने संरचनाको न्यूनतम भाडा अनुसूची ३.क बमोजिम हुनेछ । | | बहालमा दिएको मितिलाई आधार मानी दैनिक, मासिक, त्रैमासिक, अर्ध वार्षिक वा वार्षिक अवधिलाई आधार लिई बहाल कर बुझाउनु पर्नेछ । क्षेत्रगत आधारमा आठविसकोट नगरपालिका, नगर कार्यपालिकाले न्युनतम बहाल दर तोक्न सक्नेछ । आठविसकोट नगर कार्यपालिकाले निर्धारण गरेको कार्यविधि अनुसार करदाताले स्वंय घोषणा गरेको वा सम्झौतपत्रमा उल्लेख भएको आधारमा बहाल कर निर्धारण गरिनेछ । |

गोर्खबहादुर के.सी.
नगर प्रमुख

**अनुसूची ४**

## व्यवसाय कर

| सि.नं. | विवरण | | प्रस्तावित दर रु | | | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | सानो | मझौला | ठूलो | | |
| १ | किराना पसल | गल्ला/होलसेल | २५०० | २५०० | २५०० | | प्रत्येक आर्थिक वर्ष सुरु भएको असोज मसान्तभित्र व्यवसाय कर दाखिला गरिसक्नु पर्नेछ । तोकिएको अवधिभित्र कर दाखिला नगर्ने व्यवसायीलाई थप २० प्रतिशत जरिवाना लगाईनेछ । यसमा उल्लेख भए बाहेक अन्य कार्यविधि आठविसकोट नगरपालिका नगर कार्यपालिकाले तोक्न सक्नेछ । |
| २ | | खुद्रा | २००० | २००० | २००० | | |
| | | अन्य थोरै पूंजी भएका किराना पसल (ग्रामिण भेगका) | ५०० | ५०० | ५०० | | |
| ३ | लत्ता कपडा पसल | फेन्सी (होलसेल/गल्ला) | १५०० | १५०० | ३००० | | |
| ४ | | काचो कपडा (होलसेल/गल्ला) | ३००० | ३००० | ३००० | | |
| | | फेन्सी र काचो कपडा दुवै भएमा | ५००० | ५००० | ५००० | | |
| | | फेन्सी (काचो कपडा खुद्रा) | १५०० | १५०० | १५०० | | |
| ५ | नाई व्यवसाय | | ५०० | ५०० | ५०० | | |
| ६ | सुन चादी व्यवसाय | | ३००० | ३००० | ३००० | | |
| ७ | सिलाईकटाई | साधारण | ५०० | ५०० | ५०० | | |
| | | टेलरिङ सेन्टर | ३००० | ३००० | ३००० | | |
| ८ | होटेल व्यवसाय | रेष्ट्रेन्ट (लजिङ, फुडिङ दुवै भएको) | ३५०० | ३५०० | ३५०० | | |
| ९ | | होटेल लजिङ एन्ड फुडिङ भएको | ३००० | ३००० | ३००० | | |
| | | सामान्य (खानाको व्यवस्था भएको चिया नास्ता बेच्ने) | १५०० | १५०० | १५०० | | |
| १० | | सामान्य (खानाको व्यवस्था नभएको चिया नास्ता बेच्ने) | ५०० | ५०० | ५०० | | |
| ११ | बैंक तथा वित्तिय कारोवार | IME, Money Transfer, ऋण तथा बचत सहकारी संस्था, लघुवित्त | ५००० | ५००० | ५००० | | |
| १२ | | बैंक | १५००० | १५००० | १५००० | | |
| १३ | शैक्षिक संस्था (निजि) | बोर्डिङ प्रति कक्षा/सेक्सन | ५,००० | ५,००० | ५,००० | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | औषधि पसल | साधारण कम पुंजी/लगानी ५ लाख भन्दा कम (ग्रामीण भेगमा संचालित) | ३००० | ३००० | ३००० | | |
| १५ | | बढि पुंजी/लगानीमा संचालित मुख्य बस्ती/बजारमा संचालित | ५००० | ५००० | ५००० | | |
| १६ | क्लिनिक | | ५००० | ५००० | ५००० | | |
| १७ | पोलिक्लिनिक | | १०००० | १०००० | १०००० | | |
| १८ | सामुदायिक अस्पताल | | २०००० | २०००० | २०००० | | |
| १९ | उद्योग | काष्ठ/फर्निचर (साधारण) | ३५०० | ३५०० | ३५०० | | |
| २० | | काष्ठ/फर्निचर (बढि पुजी भएका) | ५००० | ५००० | ५००० | | |
| २१ | | ग्रिल | ५००० | ५००० | ५००० | | |
| २२ | | क्रसर | १०००० | १०००० | १०००० | | |
| २३ | | कागज उद्योग | ३५०० | ३५०० | ३५०० | | |
| २४ | बधशाला/मासु व्यवसाय (फ्रेस हाउस) | | ४००० | ४००० | ४००० | | |
| २५ | भाडा पसल | | ५००० | ५००० | ५००० | | |
| २६ | पानी मिल | | २००० | २००० | २००० | | |
| २७ | घट्ट | ३ महिना चल्ने | | | १०० | | |
| २८ | | ६ महिना चल्ने | | | २०० | | |
| २९ | | ९ महिना वा सो भन्दा बढि चल्ने | | | ३०० | | |
| ३० | हार्डवेयर | | १५००० | १५००० | १५००० | | |
| ३१ | फोटो स्टुडियो | | २००० | २००० | २००० | | |
| ३२ | स्टेशनरी पसल | | ३००० | ३००० | ३००० | | |
| ३३ | अफसेट प्रेस तथा छापाखाना | | १५००० | १५००० | १५००० | | |
| ३४ | इलेक्ट्रोनिक्स पसल | | ३००० | ३००० | ३००० | | |
| ३५ | तरकारी तथा फलफूल पसल | | १००० | १००० | १००० | | |
| ३६ | कस्मेटिक पसलहरु | | २००० | २००० | २००० | | |
| ३७ | झोला कुम्लामा व्यापार गर्ने व्यापारी | | १००० | १००० | १००० | | |
| ३८ | डिपार्टमेन्टल स्टोर | | ५००० | ५००० | ५००० | | |
| ३९ | सवारी साधन पार्टपूर्जा | | २००० | २००० | २००० | | |
| ४० | रोडा बालुवा | | ३००० | ३००० | ३००० | | |
| ४१ | पेट्रोल पम्प | | ५००० | ५००० | ५००० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४२ | दूध दही बिकि पसल | १००० | १००० | १००० | | |
| ४३ | मोटरसाइकल वर्कसप | २००० | २००० | २००० | | |
| ४४ | चिकित्सक | | ३००० | ३००० | | |
| ४५ | इन्जिनियर | | ३००० | ३००० | | |
| ४६ | कानून व्यवसायी | १००० | १५०० | २००० | | |
| ४७ | कन्सल्टेन्सी | २००० | २००० | ३००० | | |
| ४८ | डेरी उद्योग | १५०० | १५०० | १५०० | | |
| ४९ | साइबर | १५०० | १५०० | १५०० | | |
| ५० | मर्मत संभार व्यवसाय (मोटरसाइकल बस ट्रक जीप हेभि इक्विपमेन्ट) | २००० | २००० | ३००० | | |
| ५१ | पशु वधशाला | २५०० | २५०० | २५०० | | |
| ५२ | व्युटी पार्लर | २००० | २००० | २००० | | |
| ५३ | टिकट काउन्टर | २००० | २००० | २००० | | |
| ५४ | होस्टेल | ३००० | ३००० | ३००० | | |
| ५५ | निर्माण व्यवसायी इजाजत पत्र दर्ता | २०,०००।०० | | | | |
| ५६ | निर्माण व्यवसायी सुची दर्ता | घ, ग, ख, क वर्ग कमश: ५,०००, १०,०००, २०,००० र ४०,००० | | | | |
| ५७ | अन्य नतोकिएका व्यवसाय | ३००० | | | | |
| ५८ | सहकारी संस्था दर्ता | ३००० | | | | |
| ५९ | महिला लगायतका लक्षित वर्गका समुह दर्ता | २५० | | | | |
| ६० | कृषक समुह | ५०० | | | | |

१. अन्यत्र दर्ता (घरेलु तथा साना उद्योग कार्यालय, आन्तरिक राजश्व कार्यालय, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत दर्ताको लागि तोकिएका अन्य संस्था वा कार्यालय) भएका व्यवसायहरुले नगरपालिकाबाट अनिवार्य रुपमा व्यवसाय दर्ता प्रमाणपत्र लिई सो वापत व्यवसाय कर तिरेर मात्र यस नगरपालिका क्षेत्रमा व्यापार व्यवसाय गर्न पाउनेछन् ।

२. अन्यत्र दर्ता नभएका साना व्यवसायिहरुले यस नगरपालिकामा दर्ता भएरमात्र व्यवसाय सञ्चालन गर्न पाउनेछन् । दर्ता हुँदा माथि उल्लेखित वर्गीकरण अनुसारको दर्ता शुल्क तिर्नु पर्नेछ ।

३. व्यवसाय दर्ता नविकरण दस्तुर (प्रत्येक आर्थिक वर्षमा गर्नुपर्ने) व्यवसाय दर्ता गर्न लागेको शुल्क बराबर लाग्नेछ ।

अनुसुची-५

**जडिबुटी, कवाडी र जीवजन्तु कर**

| सि.न. | विवरण | प्रस्तावित दर | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|
| १ | यार्सागुम्वा | कूल मूल्यको १ प्रतिशत | | कानूनमा निषेध गरिएका जडिबुटी कवाडी तथा जीवजन्तुको ख्वाँख छाला लगायत संकलन गरिएमाख कानून वमोजिम दण्डित गर्ने तथा गराउने । |
| २ | यार्सागुम्वा बाहेकका अन्य जडिबुटी | प्रचलित बजार मूल्यको ५ प्रतिशत | | |
| ३ | कवाडी माल सिसा | प्रतिकिलो रु १ | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | खोटो | प्रतिकिलो लिटर रु ७ | | |
| ५ | काठ प्रति घनफिट | रु ७ | | |
| ६ | कानूनले निशेष गरेका बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड सिङ छाला प्वाख | कुल मूल्यको २ प्रतिशत | | |
| ७ | कागजजन्य सामानका लागि | प्रति किलोग्राम रु एक | | |
| ८ | फलामजन्य सामानका लागि | प्रति किलोग्राम रु दुई | | |
| ९ | स्टिलजन्य सामानका लागि | प्रति किलोग्राम रु दुई | | |
| १० | अन्यका हकमा | प्रति किलोग्राम रु दुई | | |

अनुसुची-६

## सवारी साधन कर

### १. सडक निर्माण तथा मर्मत संभार दस्तुर

| क्र.सं. | विवरण | | प्रस्तावित दर | पुष्टयाई | कैफियत |
|---|---|---|---|---|---|
| १ | दुई पाङ्ग्रे सवारी साधन | मोटर साइकल | ० | नगरपालिकाभित्रको सडकलाई सधैंभरी दुरुस्त राखी नगरपालिकाभित्र चल्ने एवम् नगरपालिकाबाट अन्यत्र चल्ने सवारी आवागमनलाई सुरक्षित र व्यवस्थित तुल्याउन नगरपालिकाले पूर्ण जिम्मेवारी लिन वाञ्छनिय भएको | |
| २ | | अटो रिक्सा | २५ | | |
| ३ | चार पाङ्ग्रे सवारी साधन | बस | १०० | | |
| ४ | | ट्रक | २०० | | |
| ५ | | ट्याक्टर | १०० | | |
| ६ | | जिप, माइक्रो बस, भ्यान | ५० | | |
| ७ | | टिप्पर | १०० | | |
| ८ | | मिनि ट्रक | १०० | | |
| ९ | | डोजर, एक्साभेटर लोडर | ५०० | | |
| १० | प्राइभेट सवारी साधन (जिप कार भ्यान) | | ५० | | |

२. आठबिसकोट नगरपालिका भित्र ठेगाना रहने गरि दर्ता भएका तथा आठबिसकोट नगरपालिका क्षेत्रभित्र चल्ने सवारी साधनमा वार्षिक सवारी कर निम्नानुसार हुने:

| | | | | |
|---|---|---|---|---|
| १ | ईन्जीनबाट चल्ने जुन कुनै दुई पाङ्ग्रे मोटर साइकल, स्कुटर वा यस्तै सवारी साधनको वार्षिक रु | ४०० | | |

| | | | | |
|---|---|---|---|---|
| २ | कार, जीप, भ्यान वा यस्तै चार पाङ्ग्रे सवारी साधनको वार्षिक रु | १००० | स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहलाई प्राप्त कर असुली सम्बन्धि अधिकारको कार्यान्वयन गर्न वाञ्छनिय भएको | |
| ३ | टेम्पु र ट्याक्टर वा यस्तै सवारी साधनको वार्षिक रु | १००० | | |
| ४ | मिनि बस, मिनि ट्रक वा यस्तै चार पाङ्ग्रे सवारी साधनको वार्षिक रु | २००० | | |
| ५ | ठूला बस, ट्रक वा चार पाङ्ग्रे सवारी साधनको वार्षिक रु | ३००० | | |
| ६ | हेभी गाडी, डोजर क्रेन वा यस्तै सवारी साधनको वार्षिक रु | ५००० | | |
| ७ | अन्य सवारी साधनको वार्षिक रु | १००० | | |
| ८ | विद्युतीय उर्जाबाट संचालन हुने र कृषि कार्यमा प्रयोग गरिने सवारी साधनका हकमा तोकिएको दरमा पचास प्रतिशत छुट हुने । | | | |

अनुसुची-७

## विज्ञापन कर

| क्र.सं. | विवरण | प्रस्तावित दर | पुष्ट्याइ | कैफियत |
|---|---|---|---|---|
| १ | होर्डिङ बोर्ड प्रति वर्गफिट | रु ५ | चालु आ.व. भन्दा प्रस्तावित दर वैज्ञानिक व्यवहारिक र वस्तुपरक भएको | १) भवनको छत र कौशीमा परिचय पाटी वा विज्ञापन सामाग्रि राख्न पाइनेछैन । २) भवनमा झ्याल छोपेर परिचय पाटी वा विज्ञापन सामाग्री राख्न पाइनेछैन । ३) बाटोको सीमानादेखि दश फिट भित्र तथा सधियारको सिमानादेखि पाँच फिट भित्र र सार्वजनिक स्थान वा संस्थान वा कार्यालय वा सार्वजनिक सेवा प्रवाह गर्ने स्थानमा विज्ञापन सामाग्री राख्न पाइनेछैन । ४) सार्वजनिक उत्तरदायित्व अन्तर्गत निर्माण भएका जुनसुकै सरचनामा निर्माणकर्ताको नाम बाहेक राखिएका जुनसुकै तस्वीर वा अक्षरको विज्ञापन कर छुट हुने छैन । भवन, जमिन, व्यापारिक वा व्यवसायीक केन्द्र, होटल वा रेष्टुरेण्ट वा विद्यालय वा सिनेमा हल वा पेट्रोल पम्प वा जुनसुकै भवनको भित्री भागमा विज्ञापन गर्ने प्रयोजनका लागि राखिएका |
| २ | रंगिन विज्ञापन | छपाई शुल्कको १० प्रतिशत | | |
| ३ | सादा पोष्टर, पम्पलेट | प्रति पोष्टर १० पैसा | | |
| ४ | फ्लेक्सबाट तयार गरिएको विज्ञापन प्रचार सामग्रीको प्रति वर्ष प्रति वर्ग फुट रु | ६०० | | |
| ५ | होर्डिङ्ग बोर्ड, नियोन साइन, र यस्तै विज्ञापन प्रचार सामग्रीको प्रति वर्ष प्रति वर्ग फुट रु | ८०० | | |
| ६ | डिजीटल बोर्ड, ग्लो साइन बोर्डमा गरिने विज्ञापन प्रचार सामग्रीको प्रति वर्ष प्रति वर्ग फुट रु | ७०० | | |
| ७ | माल वाहक सवारी साधनको दाँयाबाँया पट्टीको भागमा अधिकतम दश स्क्वायर फुटसम्मको लागि प्रति दिन रु | १५० | | |
| ८ | माल वाहक सवारी साधनको दाँयाबाँया पट्टीको भागमा अधिकतम दश स्क्वायर फुटसम्मको स्थायी रुपमा लेखिएको वा छापिएको प्रचार सामाग्रीका लागि प्रति वर्ष प्रति वर्ग फुट रु | १०० | | |
| ९ | खेलकुद मैदान, मेला, जात्रा, पर्व र यस्तै प्रकृतिका कार्यक्रममा हुने विज्ञापन प्रचार सामाग्रीको अधिकतम पन्ध्र दिन र बीस स्क्वायर फुटका लागि प्रति दिन रु | ४०० | | |
| १० | सवारी साधनको छत (अधिकतम तीन फुट उचाईसम्म मात्र), दुई पाङ्ग्रा बीचको भाग, | | | |

| | | | | |
|---|---|---|---|---|
| | पछाडीको सीसा (सीसाको जम्मा भाग मध्येको अधिकतम पचास प्रतिशत सम्म मात्र) मुख्य भ्यालको माथि पट्टीको भेन्टीलेशनमा विज्ञापन प्रचार सामाग्रीको प्रति स्क्वायर फुट रु | २०० | | प्रचार सामाग्रीमा विज्ञापन कर छुट हुने छैन । ३) सुर्तीजन्य, मदिरा तथा नेपाल सरकारबाट प्रतिबन्धित तथा आठबिसकोट नगरपालिका, नगर कार्यपालिकाबाट निषेध गरिएका विज्ञापन प्रचार पसार गर्न पाइने छैन |
| ११ | आकाशमा बेलुन, ज्याकेटमा वा बेलुन बाकेर गरिने विज्ञापन (प्रति दिन) रु. | १५० | | |
| १२ | अन्यको हकमा प्रति वर्गफिट प्रति बर्ष रु | ४५० | | |

अनुसुची-८

**मनोरञ्जन कर**

| क.सं. | विवरण | प्रस्तावित दर | पुष्टयाइ | कैफियत |
|---|---|---|---|---|
| १ | मेला महोत्सव लगायत अन्य मनोरञ्जनात्मक कार्यक्रम | प्रतिदिन रु २००० | | थप कार्यविधि आठबिसकोट नगरपालिका नगर कार्यपालिकाले तोक्न सक्नेछ । |

अनुसुची-९

**वहाल विटौरी कर**

| क.सं. | विवरण | प्रस्तावित दर | पुष्टयाइ | कैफियत |
|---|---|---|---|---|
| १ | निर्माण रेखदेख मर्मत संभार खर्च | यस सम्बन्धमा आठबिसकोट नगरपालिका नगर कार्यपालिकाले तोके बमोजिम हुने | | बहालमा दिने संरचनाको स्वरुप अनुसार थप कार्यविधि आठबिसकोट नगरपालिका नगर कार्यपालिकाले तोक्न सक्नेछ । |

अनुसुची-१०

**पार्किङ शूल्क**

| क.सं. | विवरण | प्रस्तावित दर | पुष्टयाइ | कैफियत |
|---|---|---|---|---|
| १ | दुई पाङ्ग्रे सवारी साधन | प्रतिघण्टा रु १५ | | नगरपालिकाले तोकेको स्थलमामात्र पार्किङ गर्नुपर्नेछ । सार्वजनिक आवगमनमा असर पुग्ने गरी पार्किङ गरेमा रु ५०० देखि ५००० सम्म जरिवाना गरिनेछ । |
| २ | चार पाङ्ग्रे सवारी साधन | प्रतिघण्टा रु ३० | | |
| ३ | छ पाङ्ग्रे वा सो भन्दा बढीका लागि | प्रतिघण्टा रु ५० | | |

अनुसुची-११

| ट्रेकिङ शुल्क | | | | |
|---|---|---|---|---|
| क.सं. | विवरण | प्रस्तावित दर | पुष्टयाइ | कैफियत |
| १ | स्वदेशी | रु २० प्रति दिन | | |
| २ | विदेशी | १ डलर प्रतिदिन | | |

अनुसुची-१२

| सेवा शुल्क तथा दस्तुर | | | | |
|---|---|---|---|---|
| क.स. | सेवाको विवरण | प्रस्तावित दर | पुष्टयाई | कैफियत |
| १ | घर जग्गा नामसारी सिफारिस | ३०० | | |
| २ | मोहि लगत कट्टा सिफारिस | ५०० | | |
| ३ | नक्सामा घर कायम सिफारिस | ५०० | | |
| ४ | छात्रवृति सिफारिस | १०० | | |
| ५ | बिपन्न विद्यार्थी छात्रवृति सिफारिस | नलाग्ने | | |
| ६ | अपाङ्ग सिफारिस | नलाग्ने | | |
| ७ | अस्थायी बसोबास सिफारिस | स्वदेशमा रु ५०० र विदेशमा रु १००० | | |
| ८ | स्थायी बसोबास सिफारिस | २५० | | |
| ९ | नागरिकता सिफारिस | १०० | | |
| १० | नागरिकता प्रतिलिपि सिफारिस | १५० | | |
| ११ | अंगिकृत नागरिकता सिफारिस | १००० | | |
| १२ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | ५००० | | |
| १३ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | २५ | | |
| १४ | विद्युत जडान सिफारिस | नक्सा पास भएमा ५०० नक्सा पास नभएमा १००० | | कच्ची घरको हकमा रु १०० |
| १५ | धारा जडान सिफारिस | नक्सा पास भएमा ५०० नक्सा पास नभएमा १००० | | कच्ची घरको हकमा रु १०१ |
| १६ | जिवित रहेको सिफारिस | ५०० | | |
| १७ | दुवै नाम गरेका व्यक्ति एकै हो भन्ने सिफारिस /फरक जन्ममिति संशोधन सिफारिस | १५० | | |
| १८ | जग्गा मुल्याङ्कन सिफारिस /प्रमाणित | प्रतिहजार रु १ | | |
| १९ | व्यवसाय बन्द सिफारिस | ५०० | | |
| २० | व्यवसाय सचालन नभएको सिफारिस | ५०० | | |
| २१ | व्यापार व्यवसाय नभएको सिफारिस | ५०० | | |
| २२ | कोर्ट फि मिनाहा सिफारिस | निःशुल्क | | |
| २३ | नाबालक परिचयपत्र सिफारिस | १०० | | |
| २४ | चौपाय सम्बन्धि सिफारिस | ३०० | | |
| २५ | व्यवसाय दर्ता सिफारिस | ५०० | | |

| | | | | |
|---|---|---|---|---|
| २६ | उद्योग ठाउँसारी सिफारिस | ५०० | | |
| २७ | आन्तरिक बसाइसराई सिफारिस | १०० | | |
| २८ | विद्यालय सचालन स्वीकृती/कक्षा वृद्धि अनुमति वा सिफारिस (निजि) | ५०,००० | | |
| २९ | विद्यालय तह वा कक्षा थप अनुमति वा सिफारिस (सामुदायिक) | १०००० | | |
| ३० | पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस वा अनुमति (निजि/सामुदायिक) | १००००/१००० | | |
| | विद्यालय संकाय थप अनुमति/सिफारिस (नीजि/सामुदायिक) | ५००००/१०००० | | |
| ३१ | व्यक्तिगत विवरण सिफारिस | १५० | | |
| ३२ | जग्गा दर्ता सिफारिस | १५० (प्रति रोपनी) | | |
| ३३ | सरक्षक सिफारिस (व्यक्तिगत) | १५० | | |
| ३४ | सरक्षक सिफारिस (संस्थागत) | १०० | | |
| ३५ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | ५०० | | |
| ३६ | जिवितसंगको नाता प्रमाणित | २०० | | |
| ३७ | मृतकसंगको नाता प्रमाणित | १०० | | |
| ३८ | कोठा खोल्ने कार्य/रोवरमा वस्ने कार्य | रु १००० प्रतिकोठा | | |
| ३९ | निःशुल्क वा सःशुल्क स्वास्थ्य उपचार सिफारिस | निःशुल्क | | |
| ४० | अन्य कार्यालयको माग अनुसार विवरण खुलाइ पठाउने कार्य | १५० | | |
| ४१ | संस्था दर्ता सिफारिस (नाफामुखी) | १००० | | नवीकरण गर्दा रु ५०० मात्र |
| ४२ | संस्था दर्ता सिफारिस (गैर नाफामूखी) | १००० | | नवीकरण गर्दा रु ५०० मात्र |
| ४३ | लक्षित वर्ग अन्तरगतका समूह दर्ता सिफारीस | १०० | | |
| ४४ | घर बाटो प्रमाणित | ५०० | ग्रामिण क्षेत्रमा रु १०० | |
| ४५ | चार किल्ला प्रमाणित | १००० | ग्रामिण क्षेत्रमा रु ५०० | |
| ४५ | जन्म मिति प्रमाणित | ५० | | |
| ४६ | विवाह प्रमाणित | १०००. | | |
| ४७ | कागज/मन्जुरिनामा प्रमाणित | ५०० | | |
| ४८ | हकवाला वा हकदार प्रमाणित | ५०० | | |
| ४९ | अविवाहित प्रमाणित | १००० | | |
| ५० | जग्गा रेखांकनको कार्य/सो कार्यको रोवर | ५०० | | |
| ५१ | जग्गाको फिल्ड रेखांकन | न्युनतम रु ३००० प्रतिकित्ता र प्रतिकोष र प्रति रोपनी थप रु. ३०० | | |

| | | | | |
|---|---|---|---|---|
| ५२ | ट्रेस नक्सा | प्रति कित्ता रु. १०० | | |
| ५३ | जग्गा धनी पूर्जा हराएको सिफारिस | १५० | | |
| ५४ | पूर्जामा घर कायम गर्ने सिफारिस | ५०० | | |
| ५५ | अंग्रेजी सिफारिस् तथा प्रमाणित | १००० | | |
| ५६ | मिलापत्र कागज गराउने | मिलापत्रको प्रकृति हेरी ५०० देखि १५००० | | |
| ५७ | एकिकृत सम्पति कर/घर जग्गा कर सिफारिस | २०० | | |
| ५८ | बहाल कर सिफारिस | २०० | | |
| ५९ | विज्ञापन कर सिफारिस | २०० | | |
| ६० | मालपोत वा भूमी कर सिफारिस | २०० | | |
| ६१ | जन्म दर्ता | ३५ दिनसम्म निःशुल्क, त्यसपछिको ३५ दिनभित्र रु ८ र त्यसपछि जतिसुकै दिन भएपनि रु. ५०, प्रतिलिपि रु. ५० | | |
| ६२ | मृत्यू दर्ता | ३५ दिनसम्म निःशूल्क, त्यसपछिको ३५ दिनभित्र रु ८ र त्यसपछि जतिसुकै दिन भएपनि रु. ५०, प्रतिलिपि रु. ५० | | |
| ६३ | बसाइसराई जाने आउने दर्ता | ३५ दिनसम्म निःशूल्क, त्यसपछिको ३५ दिनभित्र रु ८ र त्यसपछि जतिसुकै दिन भएपनि रु. ५०, प्रतिलिपि रु. ५० | | |
| ६४ | सम्बन्धविच्छेद दर्ता | ३५ दिनसम्म निःशुल्क, त्यसपछिको ३५ दिनभित्र रु ८ र त्यसपछि जतिसुकै दिन भएपनि रु. ५०, प्रतिलिपि रु. ५० | | |
| ६५ | विवाह दर्ता | ३५ दिनसम्म निःशूल्क, त्यसपछिको ३५ दिनभित्र रु ८ र त्यसपछि जतिसुकै दिन भएपनि रु. ५०, प्रतिलिपि रु. ५० | | |
| ६६ | नयां व्यवसाय दर्ता सिफारिस | ५०० | | |
| ६७ | व्यवसाय नविकरण सिफारिस | ५०० | | |
| ६८ | योजना सम्झौता सिफारिस/उपभोक्ता समिति दर्ता सिफारिस | २०० | | |
| ६९ | बैंक खाता खोल्ने सिफारिस | १५० | | |
| ७० | इन्जिनियरिङ्ग दर्ता/नविकरण शूल्क | १५००० | | |
| ७१ | भवन निर्माण स्वीकृती आवासीय प्रयोजनको लागि प्रति वर्ग फुट | १० | | |

| | | | | |
|---|---|---|---|---|
| ७२ | भवन निर्माण स्वीकृती व्यवसायीक प्रयोजनको लागि प्रति वर्ग फुट | १५ | | |
| ७३ | भवनको निर्माण स्वीकृती मापदण्ड भित्र रहेता पनि नक्शा स्वीकृति नलिई निर्माण भै सकेको भवनको र जरिवाना गरी नक्शा स्वीकृत गर्नु परेमा प्रति वर्ग फुट | २५ | | |
| ७४ | भवन नक्शा नामसारी दस्तुर प्रति वर्गफिट | ५ (नियमित) र ७(तहगत) | | |
| ७५ | नगरपालिकाभित्र कार्यक्षेत्र भएका क्लव, संघसंस्था (गैर नाफामूलक), सहकारी संस्था सूचीकृत शुल्क | १००० | | |
| ७६ | विभिन्न यातायात प्रा.लि., नाफामूलक संघसंस्था, व्यवसाय सूचीकृत शुल्क | १००० | | |
| | इन्जिनियरिङ्ग सूचीकृत शूल्क | १५०० | | |
| ७७ | कार्य सम्पन्न सिफारिस | योजनाको कूल लागत एक लाख वा सो भन्दा कम भएमा रु ५००, एक लाख भन्दा माथि दश लाख भन्दा कम भएमा रु १०००, दश लाख देखि पचास लाख भएमा रु ५००० र सो भन्दा माथि भएमा रु १०००० | | |
| ७८ | जरिवाना न्युनतम | १०० | | |
| ७९ | यसमा उल्लेख भए बाहेक अन्य भएमा | ५०० | | |
| ८० | उजुरी दर्ता | १०० | बालबालिका तथा लैङ्गिक हिंसा जन्य मुद्दा दर्ता निःशुल्क हुनेछन । | |
| | | **पशु स्वास्थ्य उपचार, सेवा शुल्क** | | |
| ८१ | भैसी, राँगो | १० | | |
| ८२ | गाई, गोरु | १० | | |
| ८३ | बाख्रा, भेंडा | ५ | | |
| ८४ | घोडा, खच्चड, बंगुर | २५ | | |
| ८५ | कुखुरा, हाँस | ५ | | |
| ८५ | कुकुर | २० | | |
| ८६ | गोबर परिक्षण | १० | | |
| | | **पशु बन्ध्याकरण सेवा शुल्क** | | |
| ८७ | गोरु | २० | | |
| ८८ | बोका | १० | | |
| ८९ | घोडा | १०० | | |
| ९० | कुकुर | १०० | | |
| | | **क्वारेन्टाईन शुल्क/स्वास्थ्य परिक्षण शुल्क/सिफारीस शुल्क** | | |

| | | | | |
|---|---|---|---|---|
| ९१ | भैंसी, राँगा | १०० | ठूला पशु चौपाया | |
| ९२ | बोका, खसी, साढा | २० | | |
| ९३ | बाखा, भेडा | १० | | |
| ९४ | कुखुरा | ५ | | |

**अनुसुची-१३**

**पर्यटन शूल्क (प्रतिदिन)**

| क.स. | विवरण | प्रस्तावित दर | | पुष्टयाई | कैफियत |
|---|---|---|---|---|---|
| १ | दृश्यावलोकण | स्वदेशी | रू. १० | | |
| २ | | बिदेशी | १ डलर | | |
| ३ | हिमाल आरोहण | विदेशी | रू. १० | | |
| ४ | | विदेशी | १०० डलर | | |
| ५ | अध्ययन भ्रमण | स्वदेशी | रू. १० | | |
| ६ | | विदेशी | १ डलर | | |
| ७ | तिर्थयात्रा | स्वदेशी | रू. १० | | |
| ८ | | विदेशी | १ डलर | | |

**अनुसुची-१४**

**आयात/निर्यात शूल्क**

| | | | | |
|---|---|---|---|---|
| १ | घिउ | प्रति किलो रु १ | | |
| २ | मह | प्रति किलो एक रु २ | | |
| ३ | फलफूल | प्रति किलो एक रु ५० पैसा | | |
| ४ | तरकारी | प्रति किलो एक रु ५० पैसा | | |
| ५ | दूध | प्रति लिटर ५० पैसा | | |
| ६ | खसी बोका | प्रति गोटा रु २० | | |
| ७ | ठूला पशु चौपाय (रांगा भैंसी आदि) | प्रति गोटा रु १०० तर गाई गोरुको हकमा प्रति गोटा रु ५० लाग्ने | | |
| ८ | कुखुरा | प्रति गोटा १ | | |
| ९ | चूरोट सूर्ति | प्रति पोका १० / प्रति बोरा ३०० | | |
| | अण्डा | प्रति गोटा १० पैसा | | |

अनुसुची-१५

फोहोर मैला व्यवस्थापन शूल्क

| क.स. | विवरण | प्रस्तावित दर | पुष्टयाई | कैफियत |
|---|---|---|---|---|
| १ | सबै प्रकारका होटेल व्यवसाय | १२० | | नगरपालिकाले तोकेको स्थान बाहेक अन्यत्र जथाभावि फोहोर फाल्ने व्यक्ति वा |

| | | | | |
|---|---|---|---|---|
| २ | पोल्टी फर्म | १५० | | निकायलाई रु ५०० देखि ५००० सम्म जरिवाना गरिने, पोल्टि फर्म, वधशाला नगरपालिकाले तोकेको स्थानमा मात्र सञ्चालन गर्नुपर्नेछ । |
| ३ | वधशाला, फ्रेस हाउस | ७५ | | |
| ४ | माथि उल्लेखित बाहेक अन्य व्यवसाय पसलहरुको लागि | ७५ | | |
| ५ | घर भित्रबाट निष्कने फोहोर | १५ | | |

**अनुसुची-१६**

**दण्ड जरिवाना**

| क.स. | विवरण | प्रस्तावित दर | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|
| १ | सडकको क्षेत्राधिकारभित्र एवम् सार्वजनिक स्थलमा जथाभावि पार्किङ गरेमा, निर्माण सामग्री राखेमा पशुचौपाया छाडा छोडेमा, जथाभावि होडिङ बोर्ड राखेमा, जथाभावी फोहोर फालेमा, दर्ता प्रमाणपत्रविना व्यापार व्यवसाय सञ्चालन गरेमा तथा अन्य नगर आठविसकोट नगरपालिका नगर कार्यपालिकाले गर्न नहुने भनि तोकेका कार्यहरु गरेमा | रु ५०० देखि ५००० सम्म | | त्यस्ता मालसामान नियन्त्रणमा लिई जरिवाना गरेर फिर्ता दिईने एवम् जफत भएको ३५ दिनभित्र फिर्ता लिन नआएमा जफत गरिने |

## अनुसूचीहरु २ सँग सम्बन्धित

अनुसूची-२ क.

जग्गाको वर्गीकरण अनुसार मालपोत दर

| वडा नं. | क्षेत्र | वर्गीकरण | स्थान | प्रति ५०० वर्गमिटरको मालपोत करको दर (रु) |
|---|---|---|---|---|
| १ | कृषि | क | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | २५ |
| | | ख | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | १५ |
| | वन र वगर | ग | खोलाभित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | १० |
| २ | कृषि | क. | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ३० |
| | | ख | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | २० |
| | वन र वगर | ग | खोलाभित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | १० |
| ३ | कृषि | क | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ३५ |
| | | ख | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | २५ |
| | वन र वगर | ग | खोलाभित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २० |
| ४ | आवाशीय | क | कच्ची सडकले छोएका सडकदेखि १०० मिटरभित्रका जग्गाहरु | ४५ |
